निर्णय नं.१

बजेट तथा कार्यक्रम तर्जुमा समितीले पेश गरेको मर्स्याङ्दी गाउँपालिका को आ.व. ०७४/०७५ को वार्षिक बजेट नीति तथा कार्यक्रम सर्वसम्मत बाट पारित गरी स्वीकृतीको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**क) भौतिक पूर्वाधार विकास नीति**

१) सडक संजाल नपुगेका वडाहरुलाई सडक संजालमा जोडने र गाउँपालिका केन्द्र र वडा केन्द्रहरुलाई सडक सन्जालले जोडने नीति लिईनेछ ।

२) थुपै स-साना सडकहरुमा रकम लगानी गर्दा स्रोत छरिन गई अपेक्षित प्रतिफल प्राप्त हुन नसक्ने भएकोले क्षेत्रगत सन्तुलनलाई ध्यान दिदैं महत्वपूर्ण मानिएका र गाउँ सडक गुरुयोजनामा परेका गौरव आयोजनाहरुलाई पहिलो प्राथमिकताका साथ रकम विनियोजन गर्ने नीति लिइने छ । गाउँ सडक गुरुयोजना आगामी आ.ब. भित्र तयार गरीनेछ ।

३) मर्स्याङ्दी गाउँपालिका क्षेत्र भित्र व्यक्ति, निकाय, संघ/संस्था तथा कार्यालय भवन निर्माण गर्दा बस्ती बिकास शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत मापदण्ड २०७२ बमोजिम भवन निर्माण गर्ने कार्यलाई कार्यन्वयनमा ल्याईनेछ ।

४) सहभागितात्मक योजना तर्जुमाका चरणहरु पुरा गरी आएका सडक, खानेपानी, सिंचाई, भवन, तटवन्धन लगायतका भौतिक पूर्वाधार योजनाहरु वजेटको सीमा र परिधिभित्र रही प्राथमिकताका आधारमा निर्माण तथा संचालन गरिने छन् ।

५) ठूला आयोजनाहरुको कार्यान्वयन पूर्व त्यस्ता आयोजनाहरुको सम्भाव्यता अध्ययन एवं वातावरणीय प्रभावको समेत मुल्यांकन गरी कायान्वयन गरिने छ ।

६) सडक निर्माण र स्तरोन्नती गर्दा रणनीतिक महत्वका सडक पहिचान गरी सोही वमोजिम रकम विनियोजन गरिनुका साथै सडक सन्जाल कायम हुने बाहेक नयाँ ट्र्याक नखोल्ने र भइरहेका सडकहरुको स्तरोन्नति र मर्मत संभारमा जोड दिइनेछ ।

७) आवधिक गाउँ विकास योजना, ग्रामीण गरिवी न्यूनिकरण योजना, व्यवस्थित वस्ती विकास योजना, भू-उपयोग योजना, भवन निर्माण योजना आदि तयार गरी कार्यान्वयन तर्फ आवश्यक पहल गरिने छ ।

८) गाउँ पालिका क्षेत्रभित्र जथाभावी जग्गा प्लटिङ गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै कुनै पनि जग्गा प्लटीङ गर्दा अनिवार्य रुपमा गाउँपालिकाको पूर्व स्वीकृति लिनुपर्ने र सोमा तोकिए वमोजिमको सडक मापदण्ड एवं वस्ती विकास, शहरी योजना र भवन निर्माण सम्वन्धी आधारभूत मापदण्ड, २०७२ पुरा गरेको हुनपर्ने नीतिलाई अवलम्वन गरिनेछ ।

९) भौतिक पूर्वाधार निर्माण गर्ने क्रममा अन्य संरचनाहरु जस्तै खानेपानी, भवन, पूल पूलेसाहरु पूरातात्विक, धार्मिक स्थलहरुको संरक्षणको कार्यलाई मध्यनजर गरी क्षति हुन गएमा त्यस्ता संरचनाहरु सम्वन्धित पक्ष वा उ.भो.स/निर्माण व्यवसायीले नै पुनःनिर्माण तथा मर्मत संभार गर्नुपर्ने व्यवस्थालाई कडाइका साथ लागु गरिने छ ।

१०) भौतिक पूर्वाधारहरु निर्माण गर्दा वालमैत्री, लैङ्गीक मैत्री, अपाङ्ग मैत्री जस्ता पक्षहरुमा विशेष ध्यान दिदै वातावरणमैत्री शासन कार्यक्रम लागु गर्न प्रेरित गरिने छ ।

११) विद्युत, टेलिफोन एवं इन्टरनेट सेवालाई व्यवस्थित एवं विस्तार गर्न पहल गरिने छ । विद्युत, टेलिफोन, केवुललाईन, खानेपानी पाईपहरु सार्वजनिक सुरक्षाको हितलाई ध्यानमा राखी सडकको

१२) भवन निर्माण आचार संहितलाई लागु गरी भवन निर्माण कार्यका लागि गाउँपालिकावाट स्वीकृत प्राप्त प्राविधिक वा ईन्जिनियर र निर्माण व्यवसायीले मात्र निर्माण कार्य गर्न पाउने व्यवस्थालाई कडाईका साथ कार्यान्वयन गरिने छ ।

१३) गाउँपालिका क्षेत्रभित्र पार्क, उद्यान, खेलमैदान निर्माण गर्ने कार्यलाई प्राथमिकतामा राखी ठूला आयोजनाहरु निर्माण एवं संचालन गर्नका लागि प्रदेश एवं संघिय सरकार सँग अनुरोध गरी आवश्यक प्रक्रिया अगाडि वढाइने नीति अवलम्वन गरिने छ ।

**ख) आर्थिक निती :**

**१) कृषि, पशुपालन तथा सहकारी नीति :**

१) कृषि सहकारितालाई प्रोत्साहित गरिनेछ । यसलाई उत्पादकत्व बृद्धिको आधार बनाईनेछ ।

२) व्यावसायिक कृषि तथा पशुपालनका निम्ती गाई, भैंसी, भेडा, वाखा, वंगुर अलैंची, कफी, अदुवा, मौरी, चिया, फलफुल तथा तरकारी खेती आदिलाई प्रोत्सहन र प्रवर्द्धन गरिनेछ ।

३) कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सिंचाई महत्वपूर्ण माध्यम भएकोले कृषि सिंचाईमा प्राथमिकता दिदै आवश्यक वजेट विनियोजन गरिनेछ ।

४) कृषि सामाग्री, उन्नत विउ विजन खरिद, दुग्ध संकलन, घाँस खेती आदिका लागि व्यवसायिक कृषक एवं कृषक समूहलाई प्रोत्साहन गरिने छ ।

५) कृषिको व्यवसायिक खेती गर्ने सहकारी समूह तथा व्यक्तिलाई साझेदारी कार्यक्रम मार्फत सहुलियत दरमा ऋण उपलब्ध गराउनका लागि आवश्यक व्यवस्थापन गरिनेछ ।

६) गाउँपालिका क्षेत्रमा तरकारी, दूध, माछा, अण्डा तथा मासुको आपूर्तिका लागि व्यवसायिक उत्पादन गर्ने व्यवसायीहरुलाई प्रवर्द्धन गर्न संकलन केन्द्र, भण्डारण र बजार व्यवस्थापनको निम्ति आवश्यक नीति अबलम्बन गरिनेछ ।

७) व्यवस्थित पशु वधशाला/वधस्थल निर्माण गर्न आवश्यक पहल गरी स्वस्थ पशुजन्य उत्पादन तथा विक्री वितरणका लागि मासु पसलहरुको दर्ता गर्ने र न्यूनतम मापदण्ड पुरा भएकाहरुलाई मात्र इजाजत दिने र उनीहरुको क्षमता अभिवृद्धि गर्ने र सोको अनुगमन गरी मासु पसल व्यवस्थित गर्ने नीति कडाईका साथ लागु गरिने छ ।

८) कृषिमा आधुनिकीकरण, यान्त्रीकीकरण र व्यवसायीकरण गर्न कृषि तथा पशु अनुदान र बीमा, मूल्य व्यवस्थापन र गुणस्तर कायम गरीनेछ ।

९) गाउँ पालिका भित्र प्रत्येक वडाहरुमा कृषि सुचना केन्द्रहरु स्थापना गरीनेछ ।

१०) विभिन्न स्थानहरुमा सम्भावनाहरुको अध्ययन गरी पकेट क्षेत्र घोषणा गर्दै योजनाबद्ध ढङ्गबाट व्यवासायिक खेती प्रणाली अवलम्बन गरीनेछ ।

११) मर्स्याङ्दी गाउँपालिकाा क्षेत्र भित्रका व्यवसायिहरुलाई अनिवार्य रुपमा मर्स्याङ्दी गाउँपालिकामा दर्ता गर्ने निति कडाईका साथ कार्यान्वयन गरीने छ ।

१२) समाजमा कृषि सहकारीताको विकास गराई समुदायमा आधारित सहकारी संस्था एवं सहकारी उद्यमको विकासको लागि विशेष गरी गरिब विपन्न महिला तथा युवा वर्गलाई प्रोत्साहन गरिने छ ।

१३) टोल विकास संस्थाहरुको गठन र संस्थागत क्षमता विकास गर्दै लगि क्रमश: सहकारीकरण गर्न सघाउ पुऱ्याउने नीति अवलम्वन गरिनेछ ।

**२) पर्यटन र संस्कृति नीति :**

१) गाउँपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक, धार्मिक, पुरातात्विक, पर्यटकीय स्थलहरुको सम्वर्द्धन, विकास, प्रचार प्रसार गर्ने, नयाँ पर्यटकीय स्थलहरुको पदमार्ग खोजी, पहिचान र विकास गर्ने र त्यस्ता स्थलहरुको लगत संकलन गरी प्रकाशन गर्ने कार्यलाई यसै आ.व.मा सम्पन्न गरिनेछ ।

२) गाउँ पर्यटन गुरुयोजना बनाई ग्रामीण पर्यटनलाई प्रवर्द्धन गरी पर्यटन क्षेत्रलाई गाउँपालिकाको आन्तरिक स्रोत अभिवृद्धि गर्ने क्षेत्रको रुपमा विकास गरिनेछ ।

३) अन्नपूर्ण चक्रिय पदयात्राको प्रवेशद्वारको रुपमा रहेको यस गाउँपालिकामा निजी क्षेत्रको सहभागितामा स्तरीय होटल तथा रेष्टुरेण्टहरु निर्माण गरी आन्तरिक एवं वाह्रय पर्यटकहरुको आकर्षक केन्द्रको रुपमा विकास गरिनेछ ।

४) पर्यटन विकासको गतिविधिलाई अगाडि वढाउनका लागि उपयुक्त स्थानमा पार्क एवं मनोरञ्जन स्थलहरुमा भ्यू टावर निर्माण गर्ने र विभिन्न जातिहरुका परम्परागत संस्कृति झल्कने गरी सांस्कृतिक संग्रालयहरुको स्थापना र विकास गर्ने कार्यलाई प्राथमिकतासाथ अगाडि वढाइने छ ।

५) यस गाउँपालिका क्षेत्रभित्रका राजमार्ग महत्वपूर्ण पार्क, स्थलहरुलाई भुगोलविद् डा. हर्क गुरुङ, विर भक्ति थापा र राष्ट्रकवि माधव प्रसाद घिमिरेको नामकरण गरी त्यस्ता स्थलहरुको संरक्षण संवर्द्धदन र प्रचार-प्रसार गरिने छ ।

**३) सार्वजनिक निजी साझेदारी नीति :**

१) गाउँको विकासको लागि सम्भाव्य क्षेत्रहरुको पहिचान गरी सामुदायिक संघ/संस्था, उद्योग वाणिज्य संघ, गै.स.स लगायतका निकायहरुलाई विकासका सहयात्रीको रुपमा लिइ साझेदारीको अवधारण तय गरी कार्यक्रमहरु संचालन गरिने छ ।

२) गाउँपालिका क्षेत्र भित्र मनोरञ्जन पार्क, भ्यूटावर निर्माण, पुस्तकालय, खेलमैदान निर्माणमा सार्वजनिक साझेदारीको मोडल तय गरी कार्य प्रक्रिया अगाडि वढाईने छ ।

३) फोहरमैला तथा सरसफाई व्यवस्थापन, व्यवसायीक कर, घर वहालकर, पार्किङ शुल्क आदि जस्ता संभाव्य क्षेत्रहरुमा उद्योग वाणिज्य संघ लगायतका निकायहरुसंग साझेदारीको मोडल तय गरी सोलाई प्रवर्द्धन गर्ने नीति लिइने छ ।

**४) आर्थिक प्रशासन तथा राजश्व परिचालन नीति**

१) एकिकृत सम्पत्ति कर प्रणाली लागु गर्न आगामी आ.ब.भित्र कर राजस्व सम्बन्धि विज्ञ व्यक्तिहरु सम्मिलित एक कार्यदल गठन गरी सो कार्यदलले दिएको प्रतिवेदनका आधारमा एकीकृत सम्पत्ति कर प्रणालीलाई बैज्ञानिक र समयानुकुल बनाउँदै यसलाई गाउँ पालिकाको मुख्य कराधारको रुपमा विकास गरिनेछ ।

२) समग्र आर्थिक प्रशासन (बजेट, ले व्यवस्थापन, लेखापरीक्षण) लाई सबल, सक्षम, मितव्ययीता, प्रभावकारी, उत्तरदायी र नतिजामुखी तुल्याउन आवश्यक प्रयासहरु गरिने छ ।

३) यस गाउँपालिकाको लेखा प्रणालीमा सुधार गरी Accrual Accounting System प्रयोगमा ल्याईनेछ ।

४) गाउँपालिकाको आन्तरिक आय वृद्धिको लागि राजश्व सम्भाव्यताको अध्ययन गरी सोको आधारमा करको दायरा विस्तार गर्दै गाउँपालिकाको आन्तरिक क्षमता अभिवृद्धि गरिनेछ ।

**ग) सामाजिक विकास निती :**

**१) शिक्षा, युवा तथा खेलकुद विकास नीति :**

१) मर्स्याङदी गाउँपालिका क्षेत्र भित्र कम्तीमा स्नातक तह सम्मको बहुमुखी क्याम्पस स्थापना गर्न TU सँग आवश्यक पहल गरिनेछ ।

२) बिद्यालयको शैक्षिक गुणस्तर बृद्धि गर्न सामुदायिक विद्यालयका प्र.अ. सँग निश्चित वर्षको कार्य सम्पादन सम्झौता गरी राम्रो नतिजा ल्याउने विद्यालयका प्र.अ. र शिक्षकलाई मापदण्ड बमोजिम प्रोत्साहन तथा विद्यालयलाई थप अनुदान दिने निति अवलम्बन गरिनेछ ।

३) विद्यालयहरुमा पुस्तकालय, प्रयोगशाला, कम्प्युटर, खेल सामाग्री तथा अतिरिक्त क्रियाकलापको विकास र विस्तार गर्न सरकारी तथा गैर सरकारी संस्थाहरु सँग समन्वय गरिनेछ ।

४) व्यावसायीक तथा प्राविधिक शिक्षालाई प्रोत्साहीत गर्ने निति लिईनेछ ।

५) शिक्षकहरुको पेशागत दक्षता अभिवृद्धि गर्ने, स्थानिय पाठ्यक्रम निर्माण तथा कार्यन्वयन, अनौपचारीक शिक्षालाई थप प्रभावकारी बनाउने, सुचना र विज्ञान प्रविधिमा जोड दिने निति लिईनेछ ।

६) गाउँपालिका क्षेत्रको विद्यालयबाट प्रवेशिका परीक्षामा सर्वोत्कृष्ट अंक ल्याउने एक जना छात्र र एक जना छात्रा र विद्यालयलाई सम्मान गरी पुरस्कार उपलब्ध गराइने छ ।

७) गाउँपालिकालाई शैक्षिक केन्द्रको रुपमा विकास गर्ने गरी शैक्षिक कृयाकलापहरु संचालन गर्न प्रोत्साहन गरिने छ ।

८) विद्यालयहरुको भौतिक पूर्वाधार सुधार, शैक्षिक सुधार, वालवालिकाहरुका लागि खेलकुद तथा मनोरञ्जनका सामाग्रीहरु र वालविकास केन्द्रको उचित व्यवस्थापनका लागि आवश्यक रकमको व्यवस्था गरिएको छ ।

९) अंग्रेजी माध्यमवाट पठनपाठन गराई गुणस्तरीय शिक्षा प्रदान गर्ने सामुदायिक विद्यालयहरुलाई प्रोत्साहन स्वरुप आवश्यक सहयोग गरिने नीति अवलम्वन गरिनेछ ।

१०) प्राथमिक उमेर समूहका सम्पूर्ण बालबालिकाहरुलाई विद्यालय भर्ना गर्न गराउन वडा समिती मार्फत प्रोत्साहित गरी साक्षरता प्रतिशतमा वृद्धि गरिनेछ ।

११) गाउँ स्तरीय खेलकुद विकास समिति गठन गरी सो समितिको समन्वयमा खेलकुद क्षेत्रको विकास एवं प्रंवर्द्धन सम्वन्धी कार्यक्रमहरु संचालन गरिने छ ।

१२) युवाहरुलाई स्वरोजगारमुलक क्रियाकलापहरु एवं सामाजिक परिवर्तनका वाहकका रुपमा परिचालन गरिने छ ।

१३) सामाजिक अपराध, लागु पदार्थ तथा दुर्व्यसनी, लैंगिक हिंसा, जातिय भेदभाव तथा छुवाछुत आदिको न्यूनिकरण र निवारणका लागि सचेतना अभिवृद्धि कार्यक्रमहरु संचालन गरिने छ ।

१४) सामुदायिक विद्यालयहरुमा भौतिक पूर्वाधार विकास तथा स्तरोन्नतिका लागि विकास साझेदारहरुसँग समन्वय गरि श्रोतको व्यवस्थापन गरिनेछ ।

१५) खेलकुदको विकास र विस्तारको लागि गै.स.स. र निजी क्षेत्रका संस्थाहरुसंग एकिकृत रुपमा समन्वय, सहकार्य गर्दै खेलकुदको क्षेत्रमा समय सापेक्ष सुधार गरिनेछ ।

**२) लैङ्गिक नीति :**

क) विकासका हरेक क्रियाकलापहरुमा महिलाको समान सहभागिता र पहुँच अभिवृद्धि गर्दै लैंङ्गीक विकासका लागि समानुपातिक व्यवहार, लैंगिक वजेट र सशक्तिकरण गर्ने नीति अवलम्वन गरिनेछ ।

ख) एउटै वडामा आमा समूह, युवा क्लव, जनजाति एवं विभिन्न समुदायले भवन निर्माणका लागि रकम माग गर्दै आएकोमा सवैको सामुहिक कार्यका लागि एउटै वहुउद्धेश्यिय भवन निर्माण गर्ने कार्यलाई प्रोत्साहन गरिने छ ।

ग) महिलाहरुको आय-आर्जन र क्षमता विकासका कार्यक्रमहरु मार्फत उनीहरुको सशक्तिकरण गरिने नीति अवलम्वन गरिनेछ ।

घ) महिला विरुद्ध हुने सवै प्रकारका हिंसा, शोषण तथा विभेद तथा वहिष्करणका विरुद्ध जनचेतना मुलक कार्यक्रम संचालन गरिने छ ।

च) एकल महिलाहरुको आय आर्जन तथा सिप विकासको लागि आवश्यक कार्यक्रम संचालन गरीनेछ ।

३) **बालबालिका सम्वन्धी नीति :**

क) अन्तराष्ट्रिय वाल अधिकार सम्वन्धी महासन्धि एवं राष्ट्रिय नीतिहरुले समेत निर्दिष्ट गरेका वालवालिकाको वाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकारलाई स्थानीय स्तरमा प्रवर्द्धन गर्दै लगिने छ ।

ख) वालश्रम न्यूनिकरण एवं वालमैत्री कृयाकलापहरु सघन रुपमा अगाडी वढाउदै जोखिममा रहेका वालवालिकाहरुलाई उद्धार र संरक्षकत्व प्रदान गरिने छ ।

ग) बालमैत्री स्थानीय शासन कार्यक्रम अवलम्वन गरी मर्स्याङदी गाउँ पालिकालाई बालमैत्री गाउँ घोषणा गर्न आवश्यक बजेट विनियोजन गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

घ) गाउँ स्तरीय बाल संजाल एवं प्रत्येक वडामा बाल क्लव गठन गर्ने कार्य सम्पन्न गरी वालवालिकाको गाउँ प्रोफाईल तयार गर्ने कार्य आगामी वर्ष सम्पन्न गरिनेछ ।

ङ) सामुदायिक विद्यालयहरुमा रहेका वालविकास केन्द्रहरुको स्तरोन्नती एवं भौतिक पूर्वाधार सुधारका क्षेत्रका लागि आवश्यक वजेटको व्यवस्था गरिने छ ।

च) बाल विवाह, चाँडो हुने विवाह, जवरजस्ती विवाह विरुद्ध सामाजिक जागरण ल्याउन सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

छ) वालवीकाकहरुको अर्न्तनिहित प्रतिभाको प्रष्फुटन गराउन आवश्यक कार्यक्रमहरु संचालन गरीनेछ ।

४) **दलित/आदिवासी/जनजाति/अपाङ्ग/पिछाडिएको वर्ग एव जेष्ठ नागरिक सम्वन्धी नीति :**

क) लैङ्गिक हिंसा र जातिय छुवाछुत मुक्त गाउँपालिका घोषण कार्यलाई प्राथमिकता दिइने छ ।

ख) उच्च जोखिम अवस्थामा रहेका अपाङ्ग र ज्येष्ठ नागरिहरुको तत्काल राहतका लागि मर्स्याङदी राहत कोष स्थापना गरी सो को नियमन, संचालन र व्यवस्थापन पक्षलाई प्रभावकारी बनाइनेछ ।

ग) लक्षित वर्ग केन्द्रित कार्यक्रमहरु संचालन गर्दा गाउँ स्तरीय समन्वय समितिहरुको समन्वयमा कार्यक्रम छनौट तथा कार्यान्वयन गर्ने नीति अंगिकार गरिने छ ।

घ) दलित/आदिवासी/जनजाति/सिमान्तकृत वर्गहरुको परम्परागत सिप विकास, भेषभूषा, भाषा, लिपी तथा संस्कृतिको संरक्षण र सम्वर्द्धनमा विशेष ध्यान दिइने छ ।

ङ) अपांगता भएका व्यक्तिहरुको सम्मान, पहिचान र विकासमा अधिकार एवं पहुंच वृद्धि गर्न अपाङ्ग मैत्री पूर्वाधारहरु सृजना गर्ने नीति लिइनेछ ।

च) सवै प्रकारका अपांग भएका व्यक्तिहरुको आय आर्जन, नेतृत्व विकास, र सहायक सामाग्रीहरु उपलब्ध गराउने सम्वन्धी कार्यक्रमहरु संचालन गरी उनीहरुको क्षमता विकास, आत्मानिर्भरताको प्रवर्द्धन गर्ने नीति लिइने छ ।

छ) जेष्ठ नागरिकहरुको समाजमा सामाजिक पहिचान र सम्मान वृद्धि गर्न सहयोग एवं सम्मान पुग्ने खालका कार्यक्रहरु संचालन गरिने छ ।

ज) जेष्ठ नागरिकको दिर्घ जीवन, उचित सामाजिक सुरक्षाका लागि वृद्धाश्रम एवं विश्राम स्थल निर्माण गरिने छ । जेष्ठ नागरिक वृत्तिलाई समयमा नै उपलब्ध गराईने छ । साथै यसको पारदर्शिताका लागि सामाजिक सुरक्षा भत्ता वितरणको बुकलेट तयार गरी नाम ठेगाना सहित सार्वजनिक गरिने छ ।

झ) जेष्ठ नागरिकहरुको अनुभव तथा सिप पछिल्लो पुस्तामा हस्तान्तरण गर्नको लागि प्रत्येक वडामा वडा स्तरीय जेष्ठ नागरीक मञ्च गठन गरीनेछ ।

**५) संचार क्षेत्र एवं पत्रकारिता विकास नीति :**

१) जिल्लामा क्रियाशिल सबै पत्रकारहरुसँग नियमित अन्तरक्रिया गरी र गाउँपालिकाबाट प्रवाह गरिने सेवा सुविधाहरु एवं गाउँमा संचालित विकास निर्माणको अवस्थाबारे गाउँबासीलाई सु-सुचित गर्ने पद्धतिलाई अवलम्वन गरी स्थानीय संचार माध्यमको संरक्षण र सम्वर्द्धनका लागि आवश्यक सहयोग गर्ने नीति लिइनेछ ।

२) मर्स्याङदी गाउँ पालिकामा हुने गरेका विकासका कार्यहरुलाई संचार क्षेत्रसँग आवद्ध गरी विकास पत्रकारीताका माध्यमवाट सुशासन एवं पारदर्शीता कायम गर्ने नीति लिइने छ साथै मर्स्याङदी गाउँपलिकाले गरेका राम्रा कामहरुलाई संचार माध्यममा प्रभावकारी ढंगले प्रकाशन/प्रसारण गर्ने संस्था एवं पत्रकारलाई प्रोत्साहन गरिने छ ।

३) सूचनाको हक सम्वन्धी ऐनले निर्दिष्ट गरेका सूचनाहरुको पहुँचमा सरलता ल्याइनेछ । सूचनामा जनताको पहुँच अभिवृद्धि गर्न सूचना अधिकारी एवं प्रवक्ता तोकिनेछ ।

४) गाउँपालिकामा नविनतम प्रविधि यूक्त सूचना तथा अभिलेख केन्द्रको स्थापना गरी गाउँ पालिकाको प्रकाशनहरुलाई नियमित र व्यवस्थित गरी सबै गतिविधिहरुलाई गाउँवासीहरु समक्ष पुर्‍याईनेछ ।

**६) सुशासन तथा मानव संसाधन विकास नीति :**

१) "समृद्ध, आधुनिक, हराभरा मर्स्याङ्दी गाउँपालिकाको आधार; कला संस्कृतिको संरक्षण, कृषि, पर्यटन, उर्जा र पूर्वाधार" भन्ने मूल नाराका साथ विकास र सुशासनको कार्य अगाडी वढाईने छ ।

२) गाउँपालिकाको कार्य सम्पादनलाई छिटो, छरितो, पारदर्शी एवं सेवाग्राहीमैत्री तुल्याउन व्यवस्थापकीय क्षमता अभिवृद्धिमा जोड दिईनेछ ।

३) मर्स्याङदी गाउँपालिका भित्रका उत्कृष्ट कार्य गर्ने कर्मचारी, जन प्रतिनिधिहरु, सबै भन्दा बढी कर तिर्ने करदाताहरु र राम्रो र उदाहरणिय कार्य गर्ने उपभोक्ता समितिहरु मध्येबाट १/१ जनालाई प्रत्येक वर्ष मर्स्याङदी गाउँपालिकाको स्थापना दिवसको अवसरमा पुरस्कृत गरीनेछ ।

४) मर्स्याङदी गाउँपालिका अन्तर्गतका विभिन्न शाखाका शाखा प्रमूख र वडा सचिवहरु सँग कार्य सम्पादन सम्झौता गरी राम्रो नतिजा ल्याउने शाखाका शाखा प्रमुख तथा कर्मचारीहरु र वडा सचिवलाई तोकिएको मापदण्ड बमोजिम थप प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ ।

५) भ्रष्टचार विरुद्ध जनचेतना अभिवृद्धि गर्दै भ्रष्टचारीलाई सामाजिक वहिष्कार गर्दै भ्रष्टचार विरुद्ध शुन्यसहनसीलताको निति अवलम्बन गरीनेछ ।

६) मर्स्याङदी गाउँपालिकाका कार्यलय र वडा कार्यलयलाई सुचना प्रविधि मैत्री बनाई सेवा प्रवाहलाई छिटो छरितो र पारदर्शि बनाईनेछ ।

७) गाउँपालिकाको संस्थागत क्षमता वृद्धिका लागि भौतिक पूर्वाधार विकास तथा अभिलेख प्रणालीलाई व्यवस्थित गर्दै लगिने छ ।

८) सुशासन कार्यान्वयन तर्फ स्थलगत रुपमै सार्वजानिक सुनुवाई, सार्वजानिक परीक्षण, खर्च सार्वजानिकीकरणलाई अवलम्वन गरीनेछ । रु ५ लाख भन्दा ठुला आयोजनाहरुको विस्तृत विवरण सहितको होर्डिङ बोड आयोजना स्थलमा नै होर्डिङ बोर्ड राख्ने, गुनासो सुन्ने अधिकारी, सुचना अधिकारी व्यवस्था गरीनेछ । साथै डिजिटल नागरिक वडापत्र संचालनमा ल्याउने गरी सेवा प्रवाहमा प्रभावकारीता बढाउने प्रयास गरिने छ ।

९) प्रत्येक वर्ष चैत्र ६ गतेलाई गाउँपालिकको स्थापना दिवस मानी वार्षिक उत्सवको रुपमा मनाइने छ ।

१०) उपभोक्ता समिति, टोल विकास समिति, कर्मचारीहरु र जनप्रतिनिधिहरुको क्षमता विकासको लागि आवश्यकता अनुसार तालिम, प्रशिक्षण लगायतका कार्यक्रम संचालन गरिनेछ ।

११) गाउँपालिकाबाट प्रवाह गरीने सेवा सुविधालाई सरल र सहज तुल्याउदै अगामी आ.व. भित्र क्षेतिपूर्ति सहितको नागरीक बडा पत्र तयार गरी लागु गरीनेछ ।

**घ) बन, बातावरण, जलवायु परिवर्तन, स्वास्थ्य तथा सरसफाई नीति :**

१) उन्नत धुवाँरहीत भान्छाघर निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।

२) गाउँपालिकामा जडीबुटी खेती विस्तार कार्यक्रमलाई प्रभावकारी बनाउदै लगीनेछ ।

३) जिल्ला बन गुरुयोजनालाई ध्यान दिई कार्यक्रम कार्यन्वयन गरीनेछ ।

४) गाउँपालिका क्षेत्रमा नदिनालाको कटान र पहिरोको समस्या टडकारो रुपमा देखिएको हुँदा जलाधार संरक्षण, प्राकृतिक प्रकोप रोकथाम, नदि खोला नियन्त्रण सम्बन्धि कार्यक्रमहरु सरोकारवाला पक्षहरुसँग समन्वयमा संचालन गरीनेछ ।

५) सडक निर्माण गर्दा सडकको दायाँ वायाँ दुवैतर्फ वृक्षरोपण गर्ने नीति लिइनेछ तथा Environment Management Plan ( EMP ) बनाई कार्यान्वयन गरिनेछ ।

६ ) बृक्षरोपण तथा भू-संरक्षण गर्दा साझेदारीमा गर्ने नीति अवलम्वन गरिनेछ ।

७) गाउँपालिका भित्र संचालित ठूला आयेजनाहरुको निर्माणमा वातावरणीय प्रभाव मुल्यांकन र Bio–Engineering को प्रविधि अवलम्वन गरिनेछ ।

८) जलवायु परिवर्तनबाट गाउँपालिका क्षेत्रमा पर्नसक्ने प्रभाव न्युनीकरण गर्न सरोकारवाला निकाय, गै.स.स. तथा विकास साझेदारसँग समन्वय र सहकार्य गरी स्थानीय जलवायु परिवर्तन अनुकुलन कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

९) वातावरण मैत्री विकास पूर्वाधार निर्माणमा जोड दिइनेछ । हरियाली गाउँको अवधारणा अनुरुप पार्क निमार्ण, विकास र प्रवर्द्धनमा जोड दिइनेछ ।

१०) सरसफाईमा यस गाउँपालिकालाई नमूना गाउँपालिकाको रुपमा विकास गरिनेछ । गाउँ क्षेत्र भित्र श्रृजित फोहोर व्यवस्थापनको लागि घरघरमै फोहरको व्यवस्थापन गर्न आवश्यक व्यवस्था गरिनेछ ।

११) गाउँको फोहर व्यवस्थापनको लागि ल्याण्डफिल्ड साईडको व्यवस्थापन गर्न जग्गा प्राप्ति र वातावरणिय अध्ययन र कार्यन्वयनको कार्य अगाडि वढाईनेछ ।

१२) गाउँ क्षेत्रमा प्लाष्टिकको प्रयोगलाई निरुत्साहित गर्दै प्लाष्टिकमुक्त गाउँ पालिकाको घोषणा गर्न आवश्यक पहलकदमी अगाडि बढाईने छ ।

१३) जनताको आधारभूत स्वास्थ्य सेवामा सवैजनाको पहुँच बृद्धि गर्न स्वास्थ्य बिमा कार्यक्रमलाई प्रोत्साहित गरीनेछ । साथै समय समयमा विशेषज्ञ डाक्टरहरु सहितको घुम्ति शिविर संचालन गरीनेछ ।

१४) गाउँवासीहरुलाई पूर्ण सरसफाई तर्फ उन्मुख गराउदै सम्भावित स्थानहरुमा सार्वजनिक शौचालय निर्माण एवं संचालनको लागि सरोकारवालाहरुसँग समन्वयका लागि आवश्यक पहल गरिनेछ ।

१५) विद्यमान स्वास्थ्य संस्थाको विकास र विस्तार गरी आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच कायम गरिनेछ । साथै, बढ्दो जनसंख्या र विस्तारित शहरीकरणलाई समेत ध्यानमा राखी गाउँ स्वास्थ्य केन्द्रको स्थापना र Birthing Center को स्थापना गरी संचालन गर्ने नीति लिईनेछ ।

१६) स्वास्थ्य र सरसफाई सम्बन्धी जनचेतना अभिबृद्धि गरी HIV/Aids, लागुपदार्थ दुर्व्यसनी नियन्त्रण र हेरचाहको लागि विभिन्न स्वास्थ्य संस्थाहरुको सहयोग, समन्वय र साझेदारी गर्ने नीति अवलम्वन गरिनेछ ।

१७) गाउँको पोषण अवस्थामा सुधार ल्याउन बहुसरोकारवाला पोषण योजना कार्यान्वयन गर्न आवश्यक पहल गरिनेछ ।

१६) आयुर्वेद चिकित्सा प्रणालीको विकासका लागि सहयोग पुऱ्याइनेछ ।

१७) गम्भीर मुटुरोग, क्यान्सर र मृगौलाका बिमारीलाई यातायात खर्च स्वरुप बर्षमा बढीमा एक हजार पाँच सय रुपैया उपलब्ध गराईनेछ ।

१८) गाउँपालिका क्षेत्रभित्र आकस्मिक रुपमा पर्न सक्ने दैवी प्रकोप एवं धनजनको क्षतिको अवस्थामा राहत प्रदान गर्नको लागि दैवी प्रकोप उद्धार कोषको स्थापना गरी संचालनमा ल्याईनेछ ।

१९) गाउँपालिका क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाहरुको लगत तयार गरी सोको संरक्षण, सम्वर्द्धन तथा विकास गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

२०) गाउँका नदी, खोला, खोल्सा, नहर, कुलाहरुको अतिक्रमण रोक्नुको साथै सोको उचीत व्यवस्थापन तर्फ ध्यान दिईनेछ ।

## आय तथा व्यायको विवरण

**आय तर्फ :**

नेपाल सरकार गाउँपालिका वित्तिय समनिकरण अनुदान तर्फ रु.१७,५७,३८,०००।-, सशर्त अनुदान रु.११,८४,०४,०००।-, प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समनिकरण अनुदान रु.१८,१२,०००।-, आन्तरीक आय तर्फ कर, सेवा शुल्क र दस्तुर समेत जम्मा रु.१५,००,०००।, सामाजिक सुरक्षा भत्ता तर्फ ७,९०,३२,०००।-, रजिष्ट्रेशन शुल्क बांडफांडबाट रु.१०,००,०००।-, राजस्व बाँडफाँडबाट प्राप्त रु.२०,००,०००।- गरि जम्मा कूल आय रु.३८,४२,८६,०००।- अनुमान गरिएको छ ।

**व्यय तर्फ**

**चालु खर्च तर्फ :** नेपाल सरकार गाउँपालिका वित्तिय समनिकरण अनुदान तर्फ रु.४,७६,००,०००।- आन्तरिक आयबाट रु.२०,००,०००।-, सामाजिक सुरक्षा भत्ता रु.७,९०,३२,०००।- र शसर्त अनुदान तर्फ रु.१०,०४,७०,०००।- गरि जम्मा कूल व्यय रु. २२,९१,०२,०००।- अनुमान गरिएको छ ।

**पुँजिगत खर्च तर्फ :** नेपाल सरकार गाउँपालिका वित्तिय समनिकरण अनुदान तर्फ रु.१३,४७,५०,०००।-, आन्तरिक आयबाट रु.२५,००,०००।- र शसर्त अनुदान तर्फ रु.१,७९,३४,०००।- गरि जम्मा रु.१५,५१,८४,०००। अनुमान गरिएको छ ।

# आय व्ययको विवरण

आ.व.२०७४/७५

अनुसूची-१

रु. हजारमा

| शीर्षक | | आ.व. २०७२/७३ को यथार्थ | आ.व. २०७३/७४ को संशोधित अनुमान | आ.व. २०७४/७५ को अनुमान |
|---|---|---|---|---|
| **आयः** | | | | |
| | **राजस्वः** | | | **४५००** |
| | आन्तरिक राजस्व | | | २५०० |
| | राजस्व बाँडफाँडबाट प्राप्त रकम | | | २००० |
| | अन्य आय | | | |
| | **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | | | **३७९७८६** |
| | नेपाल सरकारबाट प्राप्त | | | २९४१४२ |
| | प्रदेश सरकारबाट प्राप्त | | | १८१२ |
| | अन्तर स्थानीय तहबाट प्राप्त | | | |
| | सामाजिक सुरक्षा | | | ७९०३२ |
| | अन्य मौजदात | | | ४८०० |
| | **जनसहभागिताः** | | | |
| | नगद सहभागिता | | | ० |
| | श्रम तथा वस्तुगत सहायता | | | ० |
| **व्ययः** | | | | **३८४२८६** |
| | चालु खर्च | | | २२९१०२ |
| | पूँजिगत खर्च | | | १५५१८४ |
| | | | | |
| **बजेट बचत ढंरन्यून ढ(ण** | | | | |

| | | | | |
|---|---|---|---|---|
| **वित्तीय व्यवस्था** | | | | |
| | **खुद ऋण लगानी** | | | |
| | ऋण लगानी ढ(ण | | | |
| | ऋण लगानीको सावाँ फिर्ता प्राप्ती ढंण | | | |
| | | | | |
| | **खुद शेयर लगानी** | | | |
| | शेयर लगानी ढ(ण | | | |
| | शेयर बिक्रीबाट लगानी फिर्ता प्राप्ती ढंण | | | |
| | | | | |
| | **खुद ऋण प्राप्ती** | | | |
| | ऋणको साँवा भुक्तानी ढ(ण | | | |
| | ऋण प्राप्ती ढंण | | | |

| | | | |
|---|---|---|---|
| अन्तिम बजेट बचत (+)/न्यून (-) | | | |

# राजस्व तथा अनुदान प्राप्तिको अनुमान

आ.व.२०७४/७५

अनुसूची-२

रु. हजारमा

| शीर्षक | आवा २०७२र७३ को यथार्थ | आवा २०७३र७४ को संशोधित अनुमान | आवा २०७४र७५ को लक्ष्य |
|---|---|---|---|
| **राजस्वः** | ० | २३ | ४५०० |
| **आन्तरिक राजस्वः** | | २३ | २५०० |
| सम्पत्ती कर | | ६ | ० |
| घरबहाल कर | | ८ | ५ |
| घरजग्गा रजिष्ट्रेशन शुल्क | | ९ | १००० |
| सवारी साधन कर | | | २५ |
| सेवा शुल्क ढस्थानीय पूर्वाधार तथा सेवा उपयोगमाण | | | २५० |
| दस्तुर ढस्थानीय तहबाट हुने सिफारिस लगायतमाण | | | २५० |
| पर्यटन शुल्क | | | ० |
| विज्ञापन कर | | | ० |
| व्यवसाय कर | | | ४०० |
| भूमिकर ढमालपोतण | | | ० |
| दण्ड जरिवाना | | | ५ |
| मनोरञ्जन कर | | | ० |
| मालपोत संकलन | | | ५६५ |
| बहाल विटौरी घर जग्गा कर | | | |
| मृत वा मारिएका जीव जन्तुको हाड, सिंग, प्वाँख, छालामा कर | | | |
| प्राकृतिक स्रोत साधन व्यवसायिक कर | | | |
| शेयर लगानीबाट प्राप्त लाभांश तथा पूँजिगत लाभ आय | | | |
| ऋण लगानीबाट प्राप्त व्याज आय | | | |
| अन्य | | | |
| | | | |
| **राजस्व बाँडफाँडः** | | | २००० |
| राजस्व बाँडफाँड प्राप्ति ढंण | | | २००० |
| राजस्व बाँडफाँड हस्तान्तरण ढ(ण | | | |
| | | | |
| **अन्य आयः** | | | ८३८३२ |
| साविक स्थानीय निकायबाट हस्तान्तरण भई प्राप्त रकम | | | |
| बेरुजु असुली | | | |
| नगद मौजदात | | | ४८०० |
| सामाजिक सुरक्षा | | | ७९०३२ |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरणः** | | | २९४१४२ |
| **नेपाल सरकारबाट प्राप्त अनुदानः** | | | |
| वित्तीय समानीकरण अनुदान | | | १७५७३८ |
| सशर्त अनुदान | | | ११८४०४ |
| समपूरक अनुदान | | | |
| विशेष अनुदान | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | **प्रदेश सरकारबाट प्राप्त अनुदानः** | | | |
| | वित्तीय समानीकरण अनुदान | | | १८१२ |
| | सशर्त अनुदान | | | |
| | समपूरक अनुदान | | | |
| | विशेष अनुदान | | | |
| | | | | |
| | **अन्य स्थानीय तहबाट प्राप्त अनुदानः** | | | |
| | सशर्त अनुदान | | | |
| | समपूरक अनुदान | | | |
| | विशेष अनुदान | | | |
| | | | | |
| **जनसहभागिताः** | | | | |
| | नगद सहभागिता | | | |
| | श्रम तथा वस्तुगत सहायता | | | |

नोटः राजस्वका शिर्षकहरु नेपाल सरकारले तोके बमोजिम हुनेछ । स्थानीय तहका राजस्व शिर्षकहरु नतोकिए सम्म यसै वमोजिम गर्ने ।

# व्यय अनुमान

आ.व.२०७४/७५

अनुसूची-३

रु. हजारमा

| शीर्षक | आ.व.२०७२/७३ को यथार्थ | आ.व.२०७३/७४ को संशोधित अनुमान | आ.व.२०७४/७५ को अनुमान | श्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता |
| | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | |
| **चालु खर्च** | | **२०००** | | **२०००** | **२२७१०२** | | | | |
| **ससर्त** | | | | | **१००४७०** | | | | |
| पदाधिकारीहरुको पारिश्रमिक तथा सुविधा | | | | २००० | ५००० | | | | |
| कर्मचारी पारिश्रमिक तथा सुविधा | | ३१४ | | | २०५०० | | | | |
| कार्यालय सञ्चालन सम्बन्धी खर्च | | ५०२ | | | २००० | | | | |
| इनधन | | १०० | | | १५०० | | | | |
| संचालन तथा मर्मत सम्भार खर्च | | १०९ | | | १५०० | | | | |
| कार्यक्रम खर्च | | | | | १६०० | | | | |
| घरभाडा | | ५० | | | ७०० | | | | |
| संचार महशुल | | ८० | | | ७०० | | | | |
| पानी तथा विजुली | | २० | | | ३०० | | | | |
| सेवा तथा परामर्श खर्च | | | | | १००० | | | | |
| अन्य सेवा शुल्क | | | | | ३८०० | | | | |
| सिप विकास तथा गोष्ठी खर्च | | २० | | | १५०० | | | | |
| अनुगमन, मुल्याङ्कन र भ्रमण खर्च | | १७५ | | | २००० | | | | |
| अन्य बैठक खर्च | | | | | १५०० | | | | |
| अन्य भाडा | | ४३० | | | १५०० | | | | |
| ऋणमा ब्याज भुक्तानी | | | | | | | | | |
| अन्तर स्थानीय तह वित्तीय हस्तान्तरणरअनुदान | | | | | | | | | |
| विविध खर्च | | २०० | | | २५०० | | | | |
| | | | | | | | | | |
| सामाजिक सुरक्षा | | २००० | | | **७९०३२** | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पूँजिगत खर्च | | | ३२००१० | | २५०० | १५०८७२ | १८१२ | | | |
| | ससर्त | | | | | १७९३४ | | | | |
| | जग्गा खरिद | | | | | | | | | |
| | भवन निर्माणरखरिद | | | | | २५००० | | | | |
| | फर्निचर | | १२५०१५ | | | १५०० | | | | |
| | सवारी साधन | | ३००१० | | २००० | | | | | |
| | मेशिनरी औजार | | १०००१० | | | १५०० | | | | |
| | सार्वजनिक निर्माण | | | | ५०० | १०१४३८ | | | | |
| | पूँजिगत अनुसन्धान तथा परामर्श | | | | | | | | | |
| | पुजीगत अन्य | | ६४९१५ | | | | १८१२ | | | |
| | कन्टेन्जेन्सी खर्च | | | | | ३५०० | | | | |
| | | | ३२०० | | २५०० | १५०८७२ | १८१२ | १५५१८४ | | |

# वित्तीय व्यवस्था अनुमान

आ.व.२०७४/७५

अनुसूची-४

रु. हजारमा

| शीर्षक | | आ.व.२०७२/७३ को यथार्थ | आ.व.२०७३/७४ को संशोधित अनुमान | आ.व.२०७४/७५ को अनुमान |
|---|---|---|---|---|
| वित्तीय व्यवस्थाः | | | | |
| | **खुद ऋण लगानी** | | | |
| | ऋण लगानी (-) | | | |
| | ऋण लगानीको सावाँ फिर्ता प्राप्ती (+) | | | |
| | | | | |
| | **खुद शेयर लगानी** | | | |
| | शेयर लगानी (-) | | | |
| | शेयर बिक्रीबाट लगानी फिर्ता प्राप्ती (+) | | | |
| | | | | |
| | **खुद ऋण प्राप्ती** | | | |
| | ऋणको साँवा भुक्तानी (-) | | | |
| | ऋण प्राप्ती (+) | | | |

अनुसूची-५

रु. हजारमा

# कार्यक्षेत्रगत व्यय अनुमान

आ.व.२०७४/७५

| संकेत नं. | शीर्षक | आ.व.२०७२/७३ को यथार्थ | आ.व.२०७३/७४ को संशोधित अनुमान | आ.व.२०७४/७५ को अनुमान | श्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जन सहभागिता |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | |
| १० | आर्थिक विकास | ० | ० | ० | ० | ० | | ० | ० | ० |
| १०१० | कृषि | | | | | | | | | |
| १०२० | उद्योग तथा वाणिज्य | | | | | | | | | |
| १०३० | पर्यटन | | | | | | | | | |
| १०४० | सहकारी | | | | | | | | | |
| १०५० | वित्तीय क्षेत्र | | | | | | | | | |
| | | | | | | | | | | |
| २० | सामाजिक विकास | ० | ० | ० | ० | ० | | ० | ० | ० |
| २०१० | शिक्षा | | | | | | | | | |
| २०२० | स्वास्थ्य | | | | | | | | | |
| २०३० | खानेपानी तथा सरसफाइ | | | | | | | | | |
| २०४० | संस्कृति प्रवर्द्धन | | | | | | | | | |
| २०५० | खेलकुद तथा मनोरञ्जन | | | | | | | | | |
| २०६० | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | | | | | | | | | |
| | | | | | | | | | | |
| ३० | पूर्वाधार विकास | ० | ० | ० | ० | ० | | ० | ० | ० |
| ३०१० | स्थानीय सडक, पुल तथा झोलुङ्गेपुल | | | | | | | | | |
| ३०२० | सिंचाई | | | | | | | | | |
| ३०३० | भवन तथा सहरी विकास | | | | | | | | | |
| ३०४० | उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत) | | | | | | | | | |
| ३०५० | सञ्चार | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४० | वातावरण तथा विपद व्यवस्थापन | ० | ० | ० | ० | ० | | ० | ० | ० |
| ४०१० | वन तथा भु-संरक्षण | | | | | | | | | |
| ४०२० | जलाधार संरक्षण | | | | | | | | | |
| ४०३० | वातावरण संरक्षण, जलवायु परिवर्तन | | | | | | | | | |
| ४०४० | फोहरमैला तथा ढल व्यवस्थापन | | | | | | | | | |
| ४०५० | जलउत्पन्न प्रकोप नियन्त्रण | | | | | | | | | |
| ४०६० | विपद व्यवस्थापन | | | | | | | | | |
| ४०७० | वारुण यन्त्र सञ्चालन | | | | | | | | | |
| | | | | | | | | | | |
| ५० | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ० | ० | ० | ० | ० | | ० | ० | ० |
| ५०१० | सामान्य सेवा | | | | | | | | | |
| ५०२० | सुरक्षा व्यवस्थापन | | | | | | | | | |
| ५०३० | सूचना प्रविधि | | | | | | | | | |
| ५०४० | पञ्जिकरण व्यवस्थापन | | | | | | | | | |
| ५०५० | स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन | | | | | | | | | |
| ५०६० | सुशासन प्रवर्द्धन | | | | | | | | | |
| ५०७० | अनुसन्धान तथा विकास | | | | | | | | | |
| ५०८० | अन्यत्र वर्गिकृत नभएको | | | | | | | | | |

| आयोजनाहरुको विवरण | | | | |
|---|---|---|---|---|
| क.स. | आयोजना कार्यक्रमहरुको नाम | अनुमानित लागत | व्यहोर्ने श्रोत | गा.पा.वडा नं. |
| १ | घ्याप्रिङ प्रशिक्षण कार्यक्रम | ६०००० | गा.पा. | वडा नं. १ |
| २ | ग्रामकल्याण आ.वि.कम्पाउण्ड निर्माण | ३००००० | गा.पा. | वडा नं. १ |
| ३ | टु घ्याप्रिङ ख्लधिको शौचालय र कम्पाउण्ड निर्माण | ३००००० | गा.पा. | वडा नं. १ |
| ४ | जनचेतना मूलक तालिम, सरसफाई तथा फोहोरमैला व्यवस्थापन | १००००० | गा.पा. | वडा नं. १ |
| ५ | स्वागत गेट निर्माण | ३००००० | गा.पा. | वडा नं. १ |
| ६ | घनपोखरा गोटो वाटो (टोल परिसार) | १५०००० | गा.पा. | वडा नं. १ |
| ७ | कलाउ वेशी खानेपानी आयोजना | १५०००० | गा.पा. | वडा नं. १ |
| ८ | घनपोखरा स्वास्थ्य चौकी खानेपानी आयोजना | ५०००० | गा.पा. | वडा नं. १ |
| ९ | गुरुङ ठाँटी निर्माण | २५५००० | गा.पा. | वडा नं. १ |
| १० | नालधारा खानेपानी | १००००० | गा.पा. | वडा नं. १ |
| ११ | नायुँ - फेजो सडक | २५०००० | गा.पा. | वडा नं. १ |
| १२ | फेजो - सेने सडक | ३५०००० | गा.पा. | वडा नं. १ |
| १३ | भाचे - नायुँ सडक | १६००००० | गा.पा. | वडा नं. १ |
| १४ | विद्युतीकरण कलाउवेँशी | ७५००० | गा.पा. | वडा नं. १ |
| १५ | दलित सामुदायिक भवन निर्माण | २५०००० | गा.पा. | वडा नं. १ |
| १६ | फ्रेजो सामुदायिक भवन निर्माण | २५०००० | गा.पा. | वडा नं. १ |
| १७ | जनजागृती आमासमूह भवन निर्माण फेजो | २५०००० | गा.पा. | वडा नं. १ |
| १८ | सरस्वती आमासमूह भवन निर्माण सेने | १००००० | गा.पा. | वडा नं. १ |
| १९ | पर्यटन पूर्वाधार विकास घनपोखरा | ५००००० | गा.पा. | वडा नं. १ |
| २० | काफल डाँडा कुलो | ६०००० | गा.पा. | वडा नं. १ |
| २१ | सम्ब छ्याएलिङ गुम्वा निर्माण | ५०००० | गा.पा. | वडा नं. १ |
| | जम्मा | ५५००००० | | |
| १ | युम्जु डापा क्षेत्रमा पहिरो नियन्त्रण तथा ग्याविन भर्ने | २००००० | गा.पा. | वडा नं. २ |
| २ | फप्लो क्यू खाने पानी योजना भाचे | ४००००० | गा.पा. | वडा नं. २ |
| ३ | घिम्रङ मार्च डेसी खाने पानी अयोजना | २००००० | गा.पा. | वडा नं. २ |
| ४ | प्रोवी आमा समूह भवन मर्मत | १००००० | गा.पा. | वडा नं. २ |
| ५ | पेम्रो कोँ खानेपानी छहरे डाँडा | १५०००० | गा.पा. | वडा नं. २ |

| | | | | |
|---|---|---|---|---|
| ६ | खुदी सिम्पानी घनपोखरा मोटर बाटो मर्मत तथा स्तर उन्नती | २२०००००० | गा.पा. | वडा नं. २ |
| ७ | रोप्ले फाँट पैंयु खोला मोटर बाटो | २००००० | गा.पा. | वडा नं. २ |
| ८ | त्रिभुवन मा.वि. जाने मोटर बाटो निर्माण | ४००००० | गा.पा. | वडा नं. २ |
| ९ | प्रोवी विद्युतीकरण | ३००००० | गा.पा. | वडा नं. २ |
| १० | विद्याज्योती प्रा.वि. घेराबार | २००००० | गा.पा. | वडा नं. २ |
| ११ | पैंयु खोला सिंचाइ आयोजना | ५००००० | गा.पा. | वडा नं. २ |
| १२ | ख्यूरी खोला सिंचाइ भाचे | ३००००० | गा.पा. | वडा नं. २ |
| १३ | तउ खोला सिंचाइ आयोजना | २००००० | गा.पा. | वडा नं. २ |
| १४ | रोप्ले कुलो सिंचाइ (तल्लो) रोप्ले फाँट | ४००००० | गा.पा. | वडा नं. २ |
| १५ | घिम्राङ जाने मोटरबाटो | २५०००० | गा.पा. | वडा नं. २ |
| १६ | पैयुखोला घोप्टे मोटरबाटो | ७००००० | गा.पा. | वडा नं. २ |
| १७ | भाचेबाट मार्चा जाने गारेटो बाटो | २००००० | गा.पा. | वडा नं. २ |
| | जम्मा | ६९००००० | | |
| १ | खुदी बेनी बाल उद्यान निर्माण | ८००००० | गा.पा. | वडा नं. ३ |
| २ | धनेश्वर बाल खेल मैदान | १००००० | गा.पा. | वडा नं. ३ |
| ३ | अमर मा.वि. भवन प्लास्टर | ३००००० | गा.पा. | वडा नं. ३ |
| ४ | हिमप्रेमी बाल पुस्तकालय | २०००० | गा.पा. | वडा नं. ३ |
| ५ | महिला स्वास्थ्य गाउँघर कार्यक्रम | ८०००० | गा.पा. | वडा नं. ३ |
| ६ | मिलीजुली आमा समुह भवन निर्माण | ३००००० | गा.पा. | वडा नं. ३ |
| ७ | धनेश्वर आमा समुह भवन निर्माण | १५०००० | गा.पा. | वडा नं. ३ |
| ८ | त्रिवेणी आमा समुह रेलिङ तथा खानेपानी | २००००० | गा.पा. | वडा नं. ३ |
| ९ | अपाङ्ग तथा बृद्धा सम्मान | १००००० | गा.पा. | वडा नं. ३ |
| १० | धैरेनी खेल मैदान निर्माण | १०००००० | गा.पा. | वडा नं. ३ |
| ११ | खेल मैदान निर्माण बुद्धबजार | १५०००० | गा.पा. | वडा नं. ३ |
| १२ | सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण शिउरुङ | ४००००० | गा.पा. | वडा नं. ३ |
| १३ | अर्खले खानेपानी खानेपानी मर्मत | १५०००० | गा.पा. | वडा नं. ३ |
| १४ | छबिसे सामुदायिक भवन निर्माण | ५००००० | गा.पा. | वडा नं. ३ |
| १५ | चौतरी दलित सामुदायिक भवन निर्माण टोबु | २५०००० | गा.पा. | वडा नं. ३ |
| १६ | टारीकुना देखि मर्स्याङदी घाट सम्म गोरेटो बाटो | १५०००० | गा.पा. | वडा नं. ३ |
| १७ | कोटकालीका मन्दिर निर्माण तरापुडाडाथोक | १००००० | गा.पा. | वडा नं. ३ |

| | | | | |
|---|---|---|---|---|
| १८ | कृषक क्षमता विकास तालिम तथा स्वरोजगार कार्यक्रम | १५०००० | गा.पा. | वडा नं. ३ |
| १९ | सामुदायिक विकास कोष समपुरक | ५०००० | गा.पा. | वडा नं. ३ |
| २० | खुदी शिउरुङ मोटर बाटो स्तरउन्नति | ३०००००० | गा.पा. | वडा नं. ३ |
| २१ | थाकन मोटर बाटो निर्माण | १०००००० | गा.पा. | वडा नं. ३ |
| २२ | तल्मोडाँडा घोसिङ हर्सिङ मोटर बाटो निर्माण | ४५०००० | गा.पा. | वडा नं. ३ |
| २३ | जिम्दो विधुतिकरण | ३००००० | गा.पा. | वडा नं. ३ |
| २४ | ढँगै पुरानोगाउँ जिम्दु मोटरबाटो | ७००००० | गा.पा. | वडा नं. ३ |
| २५ | शिउरुङ एक घर एक धारा खानेपानी योजना | ३००००० | गा.पा. | वडा नं. ३ |
| २६ | महोत्सव, धार्मीक मेला र सुकमान स्मृति | १००००० | गा.पा. | वडा नं. ३ |
| २७ | पुरानो गाउँ खानेपानी | ५०००० | गा.पा. | वडा नं. ३ |
| २८ | खुदी बजार बाटो निर्माण | १००००० | गा.पा. | वडा नं. ३ |
| २९ | ढगै देखि सिउरुङजाने मोटरबाटो जोड्ने | १००००० | गा.पा. | वडा नं. ३ |
| ३० | जल्किने, छबिसे, जमटे, देविस्थान गो.बा. | १५०००० | गा.पा. | वडा नं. ३ |
| ३१ | पसखोला सिम्लेफाँट सिचाई | १००००० | गा.पा. | वडा नं. ३ |
| ३२ | प्रहरी चौंकी विद्युतिकरण तथा प्रतिक्षालय निर्माण | १५०००० | गा.पा. | वडा नं. ३ |
| ३३ | छहरेखोला तरापु सिचाई | १००००० | गा.पा. | वडा नं. ३ |
| ३४ | जिम्दो गोरेटो बाटो | ५०००० | गा.पा. | वडा नं. ३ |
| ३५ | खुदी खोला तडबन्द, धैरैन पहिरो नियन्त्रण | ३००००० | गा.पा. | वडा नं. ३ |
| ३६ | बुद्धबजार खानेपानी | १००००० | गा.पा. | वडा नं. ३ |
| ३७ | बिर भक्ति थापा पार्क निर्माण | ५००००० | गा.पा. | वडा नं. ३ |
| | जम्मा | १२५००००० | | |
| १ | जनचेतना आमा समूह निर्माण साविक ६ र ७ | ५००००० | गा.पा. | वडा नं. ४ |
| २ | स्याँगे आमा समूह भवन निर्माण | ३००००० | गा.पा. | वडा नं. ४ |
| ३ | जगत वजार आमा समूह मैदान निर्माण | ३००००० | गा.पा. | वडा नं. ४ |
| ४ | राम वजार आमा समूह भवन मर्मत | १००००० | गा.पा. | वडा नं. ४ |
| ५ | नयाँगाउँ आमा समूह (कन्यदेवी) निर्माण | ३००००० | गा.पा. | वडा नं. ४ |
| ६ | लालीगुराँस आमा समूह भवन निर्माण | ४००००० | गा.पा. | वडा नं. ४ |
| ७ | सचेतना आमा समूह भवन शौचालय निर्माण | १००००० | गा.पा. | वडा नं. ४ |
| ८ | जनसेवा आमा समूह भवन निर्माण साविक २ | ४००००० | गा.पा. | वडा नं. ४ |
| ९ | झिते जगत गोरेटो वाटो निर्माण साविक १ | ५००००० | गा.पा. | वडा नं. ४ |

| | | | | |
|---|---|---|---|---|
| १० | घोप्टे गोरेटो बाटो निर्माण | ३००००० | गा.पा. | वडा नं. ४ |
| ११ | राम वजार छापा मोटर बाटो मर्मत | २००००० | गा.पा. | वडा नं. ४ |
| १२ | नास्कु चे पुरानो जगत च्याम्चे मोटर बाटो | १०००००० | गा.पा. | वडा नं. ४ |
| १३ | आठखेत शिल्ढुङ्गा मोटरबाटो निर्माण | १०००००० | गा.पा. | वडा नं. ४ |
| १४ | आठखेत उपल्लो ताघ्रिङ मोटरबाट निर्माण | १०००००० | गा.पा. | वडा नं. ४ |
| १५ | वडा कार्यालयलाई साउण्ड सिस्टम खरिद | १००००० | गा.पा. | वडा नं. ४ |
| १६ | दलित समुदाय भवन निर्माण नयाँगाउँ | ३५०००० | गा.पा. | वडा नं. ४ |
| १७ | ल्होसार कार्यक्रम | १००००० | गा.पा. | वडा नं. ४ |
| १८ | श्रीचौर एक घर एक धारा | १५०००० | गा.पा. | वडा नं. ४ |
| १९ | ताघ्रिङ ८ बल्खु, सिसी, घोप्टे एक घर एक धारा | ४००००० | गा.पा. | वडा नं. ४ |
| २० | ताघ्रिङ ९ डाडागाउँ कालाधिरीङ एक घर एक धारा | ५००००० | गा.पा. | वडा नं. ४ |
| २१ | ताघ्रिङ ५ आठखेत एक घर एक धारा | २००००० | गा.पा. | वडा नं. ४ |
| २२ | कालिका मन्दिर गेट निर्माण | १५०००० | गा.पा. | वडा नं. ४ |
| २३ | रामवजार काप्रे एक घर एक धारा | २५०००० | गा.पा. | वडा नं. ४ |
| २४ | वुद्ध ज्योती आमा समुह बल्खु | १००००० | | |
| | जम्मा | ८७००००० | | |
| १ | खानी गाउँ सामुहिक लोकल कुखुरा फर्म सञ्चालन | २००००० | गा.पा. | वडा नं. ५ |
| २ | भकारो सुधार कार्यक्रम | ३००००० | गा.पा. | वडा नं. ५ |
| ३ | गंगामिलन मा.वि.भवन निर्माण तथा मर्मत | ३००००० | गा.पा. | वडा नं. ५ |
| ४ | छ वटा प्रा.वि.लाई प्रिन्टर तथा फोटोकपी | ५००००० | गा.पा. | वडा नं. ५ |
| ५ | फोहोरमैला तथा ढल निकास व्यवस्थापन सञ्जापु | ५००००० | गा.पा. | वडा नं. ५ |
| ६ | फोहोरमैला तथा ढल निकास व्यवस्थापन वडलविसौना | १००००० | गा.पा. | वडा नं. ५ |
| ७ | फोहोरमैला तथा ढल निकास व्यवस्थापन निउरी | १००००० | गा.पा. | वडा नं. ५ |
| ८ | फोहोरमैला तथा ढल निकास व्यवस्थापन लिलिखोरियाखेत | १००००० | गा.पा. | वडा नं. ५ |
| ९ | कोइवो गुम्वाघर निर्माण सञ्जापु | ३००००० | गा.पा. | वडा नं. ५ |
| १० | साङ्गे छ्याएलिङ गुम्बा शौचालय निर्माण | १००००० | गा.पा. | वडा नं. ५ |
| ११ | म्युजियम निर्माण घेर्मु | २००००० | गा.पा. | वडा नं. ५ |
| १२ | दलित लक्षित बाखापालन तथा अलैंचीखेती | २००००० | गा.पा. | वडा नं. ५ |

| | | | | |
|---|---|---|---|---|
| १३ | महिला लक्षित मौरी पालन | १००००० | गा. [illegible] | [illegible] |
| १४ | स्वास्थ्य चौकीमा सामाग्री खरिद | १००००० | गा.पा. | [illegible] |
| १५ | घेर्मुफाँट स्याँगे स्वास्थ्यचौकी गोरेटो बाटो | १००००० | गा.पा. | वडा [illegible] |
| १६ | खोरियाखेत चिसापानी चुचेढुङ्ग गोरेटो बाटो | ३००००० | गा.पा. | वडा नं. ५ |
| १७ | श्रीचौर तल्लो चिप्ला मोटरबाटो | ७००००० | गा.पा. | वडा नं. ५ |
| १८ | छिचुगाउँ गोरेटो बाटो निर्माण | ३००००० | गा.पा. | वडा नं. ५ |
| १९ | चामेखोला पुल निर्माण | १००००० | गा.पा. | वडा नं. ५ |
| २० | घेर्मु खानेपानी मर्मत | १००००० | गा.पा. | वडा नं. ५ |
| २१ | क्वाप्रो क्यु सिंचाई तल्लो चिप्ला | २००००० | गा.पा. | वडा नं. ५ |
| २२ | खोरियाखेत सिंचाई | ३००००० | गा.पा. | वडा नं. ५ |
| २३ | मुर्चाखोला सिंचाई | ३००००० | गा.पा. | वडा नं. ५ |
| २४ | फूलवारी महिला समूह भवन निर्माण | ५००००० | गा.पा. | वडा नं. ५ |
| २५ | निउरी सामुदायिक भवन निर्माण | २५०००० | गा.पा. | वडा नं. ५ |
| २६ | सन्जापु सामुदायिक भवन निर्माण | १५०००० | गा.पा. | वडा नं. ५ |
| २७ | लिलि सामुदायिक भवन किचन निर्माण | १००००० | गा.पा. | वडा नं. ५ |
| २८ | उपल्लो चिप्ला खेलमैदान | १००००० | गा.पा. | वडा नं. ५ |
| २९ | घेर्मु युवा क्लब खेलकुद सञ्चालन | १००००० | गा.पा. | वडा नं. ५ |
| ३० | महिला संजाल | १००००० | गा.पा. | वडा नं. ५ |
| ३१ | स्रोत केन्द्र सामाग्री खरिद | ५०००० | गा.पा. | वडा नं. ५ |
| ३२ | घेर्मु सडक | १०५०००० | गा.पा. | वडा नं. ५ |
| ३३ | तातोपानी कुण्ड कल्चे | १००००० | गा.पा. | वडा नं. ५ |
| | जम्मा | ८०००००० | | |
| १ | दौभानचौर खानेपानी | १५०००० | गा.पा. | वडा नं. ६ |
| २ | जनजाति एक घर एक धारा दिङदिङ-बाहुनडाडा | २००००० | गा.पा. | वडा नं. ६ |
| ३ | दलित एक घर एक धारा दिङदिङ-बाहुनडाडा | २००००० | गा.पा. | वडा नं. ६ |
| ४ | डहरे खानेपानी योजना | ३००००० | गा.पा. | वडा नं. ६ |
| ५ | नाइचे आन्तरिक गोरेटो बाटो | १००००० | गा.पा. | वडा नं. ६ |
| ६ | सामुदायिक भवन निर्माण फैजरा | ४००००० | गा.पा. | वडा नं. ६ |
| ७ | सामुदायिक भवन निर्माण मैदुङ्ग | ४००००० | गा.पा. | वडा नं. ६ |
| ८ | नाइचे आमा समूह भवन निर्माण | ३००००० | गा.पा. | वडा नं. ६ |
| ९ | दिङदिङ भिरपुस्तुन मोटरबाटो आयोजना | १६००००० | गा.पा. | वडा नं. ६ |

| | | | | |
|---|---|---|---|---|
| १० | बाहुनडाडा वाइसथोप्ले मोटरबाटो | ५००००० | गा.पा. | वडा नं. ६ |
| ११ | दिङदिङ तातोपानी बाटो | ४००००० | गा.पा. | वडा नं. ६ |
| १२ | चनौटे देखि गाउँसम्म आन्तरिक गोरेटोबाटो | ४००००० | गा.पा. | वडा नं. ६ |
| १३ | बाहुनडाडा देविस्थान गोरेटोबाटो निर्माण | २००००० | गा.पा. | वडा नं. ६ |
| १४ | बाहुनडाडा सामुदायिक भवन मर्मत एवं विद्युतिकरण | २००००० | गा.पा. | वडा नं. ६ |
| १५ | तल्लो दाम्पानी खोला कालिका आमा समूह भवनसम्म मोटरबाटो | ५००००० | गा.पा. | वडा नं. ६ |
| १६ | साउनेपानी धौरीबाटो हुँदै काइटारासम्म मोटरबाटो निर्माण | ६००००० | गा.पा. | वडा नं. ६ |
| १७ | लाम्पाटा सामुदायिक भवन निर्माण | २५०००० | गा.पा. | वडा नं. ६ |
| १८ | सितला सामुदायिक भवन शौचालय भन्छा घर विजुली ढलान एवं भवन प्लाष्टर | ४००००० | गा.पा. | वडा नं. ६ |
| १९ | मैदान हुँदै ध्वाखोला मोटरबाटो मर्मत | ३००००० | गा.पा. | वडा नं. ६ |
| २० | चन्द्रोदय मा.वि. कम्प्युटर | ३००००० | गा.पा. | वडा नं. ६ |
| २१ | जटेश्वर नि.मा.वि. खेलमैदान | ३००००० | गा.पा. | वडा नं. ६ |
| २२ | ठूलीवेसी/नाना डाडा विद्युतीकरण | १००००० | गा.पा. | वडा नं. ६ |
| २३ | ध्वाँखोला लौसीपानी दोभान देखि पिपल डाडा सिंचाई | २००००० | गा.पा. | वडा नं. ६ |
| | जम्मा | ८३००००० | | |
| १ | सामुदायिक भवन निर्माण छिनखोला | ६००००० | गा.पा. | वडा नं. ७ |
| २ | मोटरबाटो स्तरोन्नती छिनखोला | ३००००० | गा.पा. | वडा नं. ७ |
| ३ | खेलमैदान स्तरोन्नती छिनखोला | २५०००० | गा.पा. | वडा नं. ७ |
| ४ | खानेपानी योजना लुदी | १००००० | गा.पा. | वडा नं. ७ |
| ५ | देवीस्थान मन्दिर निर्माण लुदी | ५०००० | गा.पा. | वडा नं. ७ |
| ६ | सामुदायिक भवन निर्माण तारचोक | २५०००० | गा.पा. | वडा नं. ७ |
| ७ | शेरा ताराचोक लुदी मोटरबाटो स्तरोन्नती | ६००००० | गा.पा. | वडा नं. ७ |
| ८ | चर्चघर भन्छा घर निर्माण ताराचोक | १५०००० | गा.पा. | वडा नं. ७ |
| ९ | खेलमैदान स्तरोन्नती ताराचोक | १००००० | गा.पा. | वडा नं. ७ |
| १० | सामुदायिक भवन संरक्षण शेरा | १००००० | गा.पा. | वडा नं. ७ |
| ११ | गोरेटो बाटो सहित ढल निकास शेरा | ५०००० | गा.पा. | वडा नं. ७ |
| १२ | मोटरबाटो स्तरोन्नती नायाँगाउँ | ८००००० | गा.पा. | वडा नं. ७ |
| १३ | सप्तकन्या प्रा.वि. र तराञ्चे जाने बाटा खानेपानी | १००००० | गा.पा. | वडा नं. ७ |

| | | | | |
|---|---|---|---|---|
| १२ | अम्बोटे लाम्पटा सिंचाइ योजना | १००००० | गा.पा. | वडा नं. ८ |
| १३ | कामी डाँडा गहुँवारी सिंचाइ योजना | १००००० | गा.पा. | वडा नं. ८ |
| १४ | घर्तीचौर गहुँबारी सिंचाइ योजना | ५०००० | गा.पा. | वडा नं. ८ |
| १५ | स्यालेकुन सिंचाइ योजना | १००००० | गा.पा. | वडा नं. ८ |
| १६ | सामुदायिक भवन भूलभूले बजार | ८००००० | गा.पा. | वडा नं. ८ |
| १७ | देवीस्थान सादायिक भवन छानो एवं मर्मत | २००००० | गा.पा. | वडा नं. ८ |
| १८ | आम्बोटे सामुदायिक भान्छा घर निर्माण | १००००० | गा.पा. | वडा नं. ८ |
| १९ | बन्द्रे सामुदायिक भवन भान्छ घर निर्माण | १००००० | गा.पा. | वडा नं. ८ |
| २० | वंगेरी सामुदायिक भवन मर्मत | १५०००० | गा.पा. | वडा नं. ८ |
| २१ | शान्ती आमा समूह भवन निर्माण वडागाउँ | १५०००० | गा.पा. | वडा नं. ८ |
| २२ | कुवा पानी आमा समूह भवन मर्मत | १००००० | गा.पा. | वडा नं. ८ |
| २३ | हात्तीरुख आमा समूह भवन भान्छा घर निर्माण | १००००० | गा.पा. | वडा नं. ८ |
| २४ | लाली गुराँस सिकाई केन्द्र | १००००० | गा.पा. | वडा नं. ८ |
| २५ | प्रभातशान्तिपूर्ण मा.वि. TLC ढलन | २००००० | गा.पा. | वडा नं. ८ |
| २६ | धर्मभक्त आधारभूत विद्यालय प्रोजेक्टर एवं खानेपानी योजना | १००००० | गा.पा. | वडा नं. ८ |
| २७ | तामाङ संग्रहलय भुस्मे | ३००००० | गा.पा. | वडा नं. ८ |
| | जम्मा | ७२००००० | | |
| १ | सिर्जनशिल आमा समुह भवन निर्माण | ७५००० | गा.पा. | वडा नं. ९ |
| २ | खुदी पुल सार्वजानिक शौचालय निर्माण | २००००० | गा.पा. | वडा नं. ९ |
| ३ | आमा समुह भवन फर्निचर खरिद सवै बस्ति | १००००० | गा.पा. | वडा नं. ९ |
| ४ | बुटिक तालिम | १५०००० | गा.पा. | वडा नं. ९ |
| ५ | राधाकृष्ण आमा समुह भवन निर्माण | २००००० | गा.पा. | वडा नं. ९ |
| ६ | कल्केश्वरी मन्दिर र सेग्ले आमा समुह मर्मत | १००००० | गा.पा. | वडा नं. ९ |
| ७ | सिद्धमाई आमा समुह भवन निर्माण | २००००० | गा.पा. | वडा नं. ९ |
| ८ | बाल सञ्जाल | ५०००० | गा.पा. | वडा नं. ९ |
| ९ | सबै विध्यालय लाई फिल्टर खरिद | १५०००० | गा.पा. | वडा नं. ९ |
| १० | आधारभूत विद्यालय शैक्षिक सामाग्री खरिद | २००००० | गा.पा. | वडा नं. ९ |
| ११ | खेल मैदान निर्माण साविक वडा ३,४,८,९ | २००००० | गा.पा. | वडा नं. ९ |
| १२ | गणेश मा.बि. छात्राबास निर्माण | ३००००० | गा.पा. | वडा नं. ९ |
| १३ | लक्ष्मी प्रा.बि. कम्पाउण्ड निर्माण | १००००० | गा.पा. | वडा नं. ९ |